*DAO. Regd. No. 1278-063/064* *SWC. Regd. No. 22628*

**Disaster Preparedness Network Nepal**
Nepal Red Cross Building, PO Box No 12294, Kathmandu, Nepal
Phone: +977-1-4672165; Fax: +977-1-4672165
Email: dpnet@dpnet.org.np, URL: www.dpnet.org.np

## प्रेस विज्ञप्ति

मिति: २०८२।१०।२१

# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा समावेश गर्नु पर्ने तथा आगामी प्रतिनिधि सभा र सरकारले प्राथमिकता दिनुपर्ने कार्यहरू

विपद्‌बाट वर्षेनी अर्बौंको क्षति भैरहेको छ। वि.सं. २०७२ देखि यता भएका ठूला विपद् घटनाहरूबाट भएको हानिनोक्सानीको आँकडाले अवस्था भयावह रहेको देखाउँछ।

| क्र. स. | विपद् घटना र वर्ष | मृत्यु | घाइते | घर भवन संख्या | आर्थिक क्षति |
|---|---|---|---|---|---|
| १ | २०७२, गोरखा भूकम्प | ८७९० | २३००० | ७ लाख भन्दा धेरै | ७ खर्ब |
| २ | २०७४, तराई र पहाडमा ३५ जिल्लामा बाढी पहिरो | १५९ | --- | ६५००० | ६० अर्ब |
| ३ | २०८०, जाजरकोट भूकम्प | १५७ | १७० | ७५००० | ७० अर्ब |
| ४ | २०८१, बाढी पहिरो | २६७ | १७७ | १९०४५ | ४६.६८ अर्ब |
| ५ | २०८२, बाढी पहिरो | ५६ | २० | ५५०० | ४६ अर्ब |

माथिका तथ्य तथा तथ्याङ्क स्थान विशेषमा भएका केही प्रतिनिधिमूलक घटनाहरू मात्र हुन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रतिवेदन अनुसार नेपालमा एक वर्षमा ५ हजारभन्दा बढी स-साना विपद्‌का घटना हुन्छन्। सडक दुर्घटना बाहेक अरु प्रकोपबाट औसतमा वार्षिक चार सय पचास जनाभन्दा बढी व्यक्तिले ज्यान गुमाउने गरेका छन्। झण्डै १० हजार घरपरिवार प्रभावित हुन्छन्, ७ हजार भन्दा बढी भौतिक पूर्वाधार नष्ट हुन्छन्, करिब ३ हजार पशुधन क्षति हुन्छन्। स-साना प्रकोपबाट नै औसतमा वार्षिक ४ अर्ब रुपियाँ बराबरको क्षति हुन्छ, जुन कुल ग्राहस्थ उत्पादनको ०.५ प्रतिशतभन्दा अधिक हुन आउँछ। २०७२ सालको भूकम्प जस्ता ठूला विपद्‌मा कुल ग्राहस्थ उत्पादनको झण्डै एक तिहाई (३३ प्रतिशत) सम्म क्षति हुन्छ। सरकारी आँकडा अनुसार हरेक वर्ष प्रकोपका घटना, तिनबाट हुने क्षति र विपद् प्रभाव बढदो क्रममा छ।

देशभित्र भएका घटनाका साथै देशको सीमा बाहिर हुने प्रकोपबाट पनि ठूलो क्षति भएको छ। २०७३ सालमा चीनबाट भोटेकोशी नदीमा आएको बाढीले सिन्धुपाल्चोक जिल्लाको तातोपानी र कोदारी क्षेत्रमा ५० भन्दा बढी घर बगायो। २०० भन्दा बढी घरहरू बस्न नमिल्ने गरी पहिरोको जोखिममा परे। यो बाढीले क्षति गरेको जलविद्युत आयोजना, सडक तथा पुलको समेत हिसाब गर्दा केही घण्टामै २ अर्बभन्दा बढीको क्षति भयो। त्यसैगरी २०८२ सालको असार महिनामा रसुवागढी देखि माथि चीनमा रहेको हिमताल बिस्फोट भएर अचानक आएको केही घण्टाको बाढीले नेपाल-चीन सीमावर्ती रसुवामा २० जनाको मृत्यु हुनुको साथै ६५ भन्दा बढी मालवाहक गाडी तथा सवारी साधन, स्याफ्रुबेसी - रसुवागढी राजमार्गको १६ किलोमिटर भन्दा लामो खण्ड र ७ वटा पुल र तीन वटा जलविद्युत केन्द्र क्षति गऱ्यो। यो विपद्‌ले विपद् न्यूनीकरणका लागि छिमेकी मित्र राष्ट्रहरूसँग सहकार्यमा जोड दिनुपर्ने र जलवायु पविर्तनका कारण विकास भइरहेको भयावह जोखिम प्रति गम्भीररूपमा संवेदनशील हुनुपर्ने औंल्याएको छ।

प्रकोप र क्षति यति धेरै बढ्नुको मूल कारण विपद् जोखिमको ज्ञानमा कमी, भौतिक संरचना सुरक्षित ठाउँमा नहुनु, भूकम्प प्रतिरोधी नहुनु, विपद्‌को लागि पूर्वतयारी कमजोर हुनु तथा उच्च तहका नीति-निर्माताहरूमा विपद् न्यूनीकरणको अपरिहार्यताको वोध नहुनु आदि देखिन्छ। भूकम्प, अतिवृष्टि जस्ता प्राकृतिक घटनालाई रोक्न सकिन्न तर यी कमी कमजोरीहरू नभएको भए तिनबाट हुने हानि-नोक्सानी र विपद् प्रभाव कम हुने थियो।

विपद् जोखिमको यो अवस्थाले आगामी निर्वाचनबाट बन्ने प्रतिनिधि सभा तथा सरकारले विपद् जोखिम कम गर्न तथा देशलाई विपद् उत्थानशील मुलुकको रूपमा विकास गर्ने सोच, दूरदृष्टि र लक्ष्य राखेर आवश्यक नीति, कानून, योजना, नियमन र तिनको कार्यान्वयनलाई प्राथमिकता दिन जरुरी र अपरिहार्य छ भन्ने सिद्ध गर्दछ। त्यसैले आगामी प्रतिनिधि सभाको निर्वाचनमा भाग लिने राजनीतिक दल तथा स्वतन्त्र उम्मेदारहरूले विपद् न्यूनीकरणका र दीगो विकासका लागि निम्न विषय तथा कार्यक्रमहरू गर्न प्रतिवद्धता जनाउन आवश्यक छ।

**Disaster Preparedness Network Nepal**
Nepal Red Cross Building, PO Box No 12294, Kathmandu, Nepal
Phone: +977-1-4672165; Fax: +977-1-4672165
Email: dpnet@dpnet.org.np, URL: www.dpnet.org.np

१. सबै उत्पादनमूलक तथा सेवामूलक क्षेत्रमा प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट हुन सक्ने भौतिक, आर्थिक, सामाजिक, तथा वातावरणीय क्षति तथा विपद् जोखिमको विस्तृत अध्ययन विश्लेषण गर्ने।

२. प्रकोप तथा विपद् जोखिम र त्यसको निवारणसम्बन्धी ज्ञानलाई औपचारिक तथा अनौपचारिक शिक्षा प्रणालीमा मूलप्रवाह गर्ने। जनचेतना कार्यक्रम मार्फत् प्रत्येक नागरिकलाई विपद् जोखिम बारे ज्ञान दिने र सचेत गराउने।

३. सडक, जलविद्युत, कलकारखाना, व्यवसायिक तथा सार्वजनिक सेवाका भवन, सिंचाई, खानेपानी, बस्ती विकास जस्ता भौतिक विकास निर्माण र सेवा सञ्चालन गर्दा त्यसमा आइपर्न सक्ने प्रकोप र त्यसबाट उत्पन्न हुन सक्ने प्रकोप जोखिम विश्लेषण गरी जोखिम निवारण गर्ने अनिवार्य कानूनी व्यवस्था गर्ने र सबै विषयगत क्षेत्रलाई विपद् उत्थानशील बनाउन नीतिगत सुनिश्चितता गर्ने।

४. समुदायमा आधारित विपद् पूर्वतयारीलाई प्राथमिकता दिई जोखिममा रहेका समुदाय तथा समूहको क्षमता अभिवृद्धि गर्ने।

५. विपद् पूर्वतयारी तथा प्रतिकार्यका नीति निर्माण तथा व्यवहारमा लैंगिक समानता, अपाङ्गता, सामाजिक समावेशीकरण लाइ विशेष ख्याल गर्दै विकास योजनामा समान अवसर प्रदान गर्ने।

६. हरेक स्थानीय तहमा राष्ट्रिय मापदण्ड अनुसारको तालिम प्राप्त साथै आवश्यक उपकरणहरू सहितको कम्तिमा एउटा स्थानीय खोज तथा उद्धार टोली (Local Search & Rescue Team), उपमहानगर तथा महानगरका हरेक वडामा एउटा स्थानीय खोज तथा उद्धार टोली र नगर स्तरमा कम्तिमा दुई सानो खोज तथा उद्धार टोली (Light Search & Rescue Team) को व्यवस्था गर्ने। स्थानीय तहलाई विपद् जोखिम न्यूनीकरण, पूर्वसूचना, प्रतिकार्य, पुनर्लाभ तथा पुनरनिर्माणको लागि प्राविधिक, आर्थिक, भौतिक, जनशक्ति, तथा संस्थागत तवरले सक्षम बनाउने।

७. प्रकोपको प्रकृति, मात्रा तथा विपद्को प्रभावस्तर अनुसार संघ, प्रदेश र स्थानीय तहको काममा अनावश्यक दोहोरोपना नहुने गरी कार्यविभाजन गर्ने, तहगत समन्वय र साझेदारीको स्पष्ट सिमाङ्कन गर्ने साथै विषयगत मन्त्रालय, विभाग तथा कार्यालयहरूको काम, कर्तव्य र जवाफदेहिता निर्धारण गर्ने।

८. छिमेकी मित्रराष्ट्रहरूसँग प्रभावकारी समन्वय गरी सिमापारबाट आउन सक्ने प्रकोपको पूर्वसूचनाको साथै जोखिम न्यूनीकरण र व्यवस्थापमा उपयुक्त समन्वय र साझेदारी गर्ने।

९. मौजुदा विपद् व्यवस्थापन कोषको रकम आकस्मिक घटनामा खोज, उद्धार, राहत तथा पुनर्निर्माणमा उपयोग गर्ने परिपाटीलाई निरन्तरता दिई विपद् पूर्वतयारीको तथा प्रतिकार्य गर्न आवश्यक सामग्री, प्रविधि, मेशिन औजार तथा जनशक्ति विकासको लागि संघ, प्रदेश तथा स्थानीय तहमा वार्षिक रूपमा बजेट छुट्याउने।

१०. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई केन्द्रीय स्रोत निकायको रूपमा काम गर्न र प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग गर्न सक्षम हुने गरी आर्थिक, प्राविधिक, जनशक्ति तथा संस्थागत क्षमता सुदृढ गर्ने।

११. सबै प्रकारका भौतिक पूर्वाधारको निर्माण, मर्मत तथा पुननिर्माणमा भूकम्प, आगलागी, हुरीबतास, चट्याङ, खडेरी, अति गर्मी, शीतलहर जस्ता प्रकोपको जोखिम निवारक प्रविधि प्रयोग गर्नुपर्ने अनिवार्य गर्ने। त्यसका लागि आवश्यक प्रविधि तथा जनशक्तिको विकास गर्ने र जनताको क्रयशक्ति अनुसार सर्वसुलभ हुने व्यवस्था गर्ने। सँगसँगै विपद् उत्थानशील आवास तथा संरचना निर्माणका लागि सहुलियत (सब्सिडी) को व्यवस्था गर्ने।

१२. विपद् जोखिम कम गर्न तथा प्रकोपबाट हुन सक्ने आर्थिक हानिनोक्सानीको जोखिम हस्तान्तरण तथा साझेदारी गर्न जीवन एवं निर्जीवन वीमाको दायरा बढाउने र सबै प्रकारका विपद्को वीमा योजना विकास गर्ने।

१३. प्रभावकारीरूपमा सामना गरी विपद् प्रभाव कम गर्न सबै तह र भौगोलिक क्षेत्रमा पर्याप्त मात्रामा स्वास्थ्य, खानेपानी, उर्जा, खाद्यान्न, शिक्षा, सञ्चार जस्ता आधाभूत तथा अत्यावश्यक सेवाको पूर्वतयारी, सामग्रीको पूर्वभण्डारण र द्रूत वितरण प्रणाली तथा सम्बन्धित विषय-क्षेत्रका स्वयंसेवी जनशक्तिको व्यवस्था गर्ने।

१४. विपद् पछि हुन सक्ने मानसिक असर तथा प्रभाव न्यूनीकरण गर्न मनोसामाजिक परामर्शलाई सबै क्षेत्रमा संस्थागत गर्ने।

बसन्त राज अधिकारी

डा. बसन्त राज अधिकारी
अध्यक्ष